आज मिति २०८१।१२।२७ गते बुधबारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षतामा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८१।८२ को नवौं बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | रमेश कुमार श्रेष्ठ | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | युवराज थापा | वरिष्ठ प्रशासकीय अधिकृत, बेनी न.पा. | |
| २ | अर्जुन प्रसाद सुवेदी | प्रशासकीय अधिकृत, बेनी न.पा. | |
| ३ | गोकुल शर्मा | लेखा अधिकृत, बेनी न.पा. | |
| ४ | | | |
| ५ | | | |

CamScanner

**बेनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेनी, म्याग्दी**

## आर्थिक वर्ष २०८१।८२ को नवौं कार्यपालिका बैठकका निर्णयहरु

*(मिति: २०८१।१२।२७ गते)*

१. बेनी नगरपालिका, वडा नं. ७, मंगलघाट स्थित नदि छेउमा रहेको प्रहरी बिटको संरचना नदि कटान पश्चात् क्षति पुगी प्रहरी बिटका मंगलाघाट निवासी भरत कुमार राजभण्डारीसँग सम्झौता गरी निजको घर भाडामा लिइएकोमा २०८१ पौष मसान्त पश्चात् सम्झौता म्याद समाप्त भएको तथा प्रहरी बिट निर्माण कार्य भई नसकेकोले उक्त सम्झौता म्याद मिति २०८२ असार मसान्त सम्म थप गर्ने।

२. बिगतमा तत्कालिन जिल्ला विकास समिति, म्याग्दी मातहतको जिल्ला जलस्रोत समितिमा दर्ता भएका तथा बेनी नगर कार्यपालिकाको कार्यालयमा अभिलेखन नभएका खानेपानी तथा जलस्रोत उपभोक्ता समितिहरुलाई नविकरणको अवसर दिने गरी बेनी नगरपालिकाको "खानेपानी तथा जलस्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" को दफा २२ को उपदफा (१) मा रहेको अभिलेखनको अवधी "२०८१ कार्तिक मसान्त सम्म" लाई संशोधन गरी "२०८२ असार मसान्त सम्म" हुने गरी संशोधन गर्ने।

३. बेनी नगरपालिका, वडा नं. २, ज्यामरुककोटमा वर्षाका कारण कृषिमा क्षतिमा पुगी पीडित कृषकहरुबाट राहत रकम माग भएकोमा प्रत्येक विपद् पीडित कृषकलाई निजको क्षति भएको कृषि उपजको १० प्रतिशत बराबरको राहत रकम बेनी नगरपालिकाको आ.व. २०८१।८२ को कृषि तर्फ "आकस्मिक बाली संरक्षण पुनर्स्थापना (प्राकृतिक तथा रोग किरा)" शिर्षकबाट विनियोजन भएको रकम रु १,५०,००० तथा अपुग हुने रकम विपद् व्यवस्थापन कोषबाट व्ययभार हुने गरी भुक्तानी गर्ने।

४. चालु आ.व. बेनी नगरपालिका क्षेत्रमा कार्यान्वयनका लागि अगाडि बढेका निम्नानुसारका योजनाहरुको देहाय बमोजिम म्याद थप गर्ने।

| क्र.सं. | योजनाको नाम | म्याद थप अवधी | कैफियत |
|---|---|---|---|
| १ | लम्फिहिल साहसिक पिङ निर्माण योजना | २०८२ असार मसान्त सम्म | |
| २ | महारानी – छाप – डाडाँखेत मोटरबाटो स्तरोन्नती योजना | २०८२ जेठ १५ सम्म | |

५. बेनी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमती तथा नविकरण सम्बन्धी निर्देशिका, २०७५ अनुसूची १ बमोजिम हुने गरी संशोधन गर्ने।

६. बेनी नगरपालिका, वडा नं. ७, अग्निखेत (वडा नं. ६ र ७ को सीमाना) मा बाढिपहिरोका कारण क्षति पुगेकोले संरक्षण कार्य उपभोक्ता समिति मार्फत गर्ने गरी "वर्षे सडक मर्मत" शिर्षकबाट रु ४,५०,००० विनियोजन गर्ने।

७. बेनी नगरपालिका, वडा नं. ३ को क्षेत्रका किसानका लागि सुन्तलाका बेर्ना खरिद गर्न बेनी नगरपालिकाको आ.व. २०८१।८२ मा वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ "कृषि वन कार्यक्रम (सबै वडामा)" शिर्षकबाट रु १,५०,००० (एक लाख पचास हजार रुपैयाँ) विनियोजित गर्ने।

८. मनसुनजन्य विपदबाट घर पूर्ण क्षति भई "मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७" बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति, म्याग्दीबाट पुनर्निर्माण तर्फ लाभग्राही कायम भएका बेनी नगरपालिका, वडा नं. ९ निबासी थिर बहादुर पुनले निर्माण गरेको आवास प्राविधिक प्रतिवेदन बमोजिम मापदण्ड अनुकूल नभई ऐ. कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अवस्था नरहेमा बेनी नगरपालिकाको आ.व. २०८१।८२ को निजी आवास पुनर्निर्माण तथा मनसुनजन्य विपद् शिर्षकबाट व्ययभार हुने गरी रु ५०,००० (पचास हजार रुपैयाँ) उपलब्ध गराउने।

९. विकेश-दुपचेश्वर शिवम् जेभिले मिति २०८१।१२।१९ गते यस कार्यालयमा पेश गरेको निवेदन अनुसार बेनी नगरपालिका, वडा नं. ७ स्थित बहुउद्देश्यिय खेलमैदानमा रहेका ३ (तीन) सटरहरु भाडा दिन अनुरोध भएको तथा सार्वजनिक जग्गा भाडा निर्धारण तथा वक्यौता असुली समितिको मिति २०८२।१२।२५ गतेको बैठकले प्रति सटर रु ५००० (अक्षरुपी पाँच हजार रुपैयाँ) का दरले भाडा दिनका लागि सिफारिस समेत गरेकोले प्रति सटर मासिक पाँच हजार रुपैयाँका दरले २०८२ असार मसान्त सम्मका लागि भाडामा दिने गरी सम्झौता गर्ने।

१०. निर्माणाधिन बेनी – पात्लेखेत सडक स्तरोन्नतीका क्रममा बेनपा ९ गिठेनी स्थित टक प्रसाद रोकाको घरका कारण सडक चौडा गर्नका लागि उक्त घर भत्काउनु पर्ने देखिए पछि निर्माण कार्यमा सहजिकरण गर्दै निजले आफ्नो घर भत्काउँदा लागेको खर्च बापतको रकम रु २५००० (अक्षरुपी पच्चिस हजार रुपैयाँ) निज टक प्रसाद रोकालाई सम्बन्धित योजनाको कन्टिन्जेन्सी रकमबाट उपलब्ध गराउने।

११. बेनी नगरपालिका, वडा नं. ८, कालिपुलमा कृषि उपज संकलन तथा बिक्री केन्द्रको भवन निर्माणका क्रममा देखा परेको ढुङ्गा व्यवस्थापनका लागि स्काभेटर प्रयोग गरे बापतको रकम सम्बन्धित आयोजनाको कन्टिन्जेन्सी रकमबाट व्ययभार हुने गरी रु ४५,००० (अक्षरुपी पैचालिस हजार रुपैयाँ) टाकुरा बिल्डर्स, बेनी न.पा.-७ लाई उपलब्ध गराउने।

## अनुसूची १

| क.सं. | निर्देशिकामा भएको व्यवस्था | संशोधन गर्नुपर्ने (अन्डरलाइन तथा इटालिक गरिएका विषयहरु) |
|---|---|---|
| १ | प्रस्तावना : नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र मन्त्री परिषदबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि सरकारी, निजि, सामुदायिक . . . | प्रस्तावना : नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, *जनस्वास्थ्य सेवा ऐन २०७५, जनस्वास्थ्य सेवा नियमावली २०७७* र . . . . |
| २ | संक्षिप्त नाम र प्रारम्भः यो निर्देशिकाको नाम "बेनी नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति, तथा नविकरण सम्बन्धी निर्देशिका, २०७५" रहेको छ । | संक्षिप्त नाम र प्रारम्भः यो निर्देशिकाको नाम "बेनी नगरपालिकामा *निजि* स्वास्थ्य संस्था दर्ता, अनुमति, तथा नविकरण सम्बन्धी निर्देशिका, २०७५" रहेको छ । |
| ३ | परिच्छेद-२, दफा ३ उपदफा (१): स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायहरुः (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न देहायका निकायले अनुमति दिन सक्नेछ :-<br>(क) स्वास्थ्य क्लिनिक, डाईग्नोष्टिक सेन्टर, पोली क्लिनिक तथा पच्चीस शैया सम्मका जनरल अस्पतालका लागि बेनी नगर पालिकाको कार्यपालिकाको निर्णय अनुसार<br>(ख) आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्साँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शैया सम्मका अस्पतालका लागि बेनी नगर पालिकाको कार्यपालिकाको निर्णय अनुसार।<br>(ग) पच्चिस शैया देखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नको लागि बेनी नगर पालिकाको कार्यपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट ।(घ) बेनी नगर पालिकाको कार्यपालिकामा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नती भए पछि सोको विवरण तोकिएको ढाँचामा प्रादेशिक स्वास्थ्य संरचनालाई दिनु पर्ने छ | यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गरिने निकायहरुः<br>(क) *स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, सोवारिग्प (आम्ची) क्लिनिक, होमियोप्याथी क्लिनिक, फार्मेसी र यस्तै प्रकारका अन्य क्लिनिकहरु,*<br>(ख) *फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु*<br>(ग) *जेरियाट्रिक परामर्श केन्द्र,*<br>(घ) *"डि" र "ई" वर्गको प्रयोगशाला,*<br>(ङ) *१५ शैया सम्मको अस्पताल* |
| ४ | परिच्छेद-२, दफा ५ उपदफा (४): (४) उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस निर्देशिकामा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई अनुमति प्रदान गर्ने निकायले पाँच वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ। | परिच्छेद-२, दफा ५ उपदफा (४): (४) उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस निर्देशिकामा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई अनुमति प्रदान गर्ने निकायले पाँच वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ। *अनुमति प्रमाण पत्र अनुसूची ११ बमोजिम ढाँचामा रहने छ।* |

| | | |
|---|---|---|
| ५ | परिच्छेद-२, दफा ५ उपदफा (८): उपदफा (२) (३) र (५) बमाजिम तोकिएको म्याद भित्र अनुमति प्रदान गर्नेनिकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुर गर्न सक्ने छ। यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित माथिल्लो निकायले उपदफा (२),(३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाइ सञ्चालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ। | परिच्छेद-२, दफा ५ उपदफा (८): उपदफा (२) (३) र (५) बमाजिम तोकिएको म्याद भित्र अनुमति प्रदान गर्ने निकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले ***बेनी नगर कार्यपालिकाको कार्यालयमा*** उजुर गर्न सक्ने छ। यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित निकायले उपदफा (२),(३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाइ सञ्चालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ। |
| ६ | गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था (१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्वः मूल्यांकन्) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । | गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था (१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष ***अनुसूची १२*** बमोजिम परीक्षण (स्वः मूल्यांकन्) गरी सो को प्रतिवेदन संस्था नविकारण गर्ने समयमा अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्ने छ। |
| ७ | अनुसूची १ : अनुगमन समितिः १. मे.सु. / मेडिकल अधिकृत-बेनी अस्पताल-संयोजक<br>२. ल्याब टेक्नीसियन/अधिकृत (एक) -बेनी अस्पताल-सदस्य<br>३. रेडियोग्राफर/अधिकृत (एक) - बेनी अस्पताल -सदस्य<br>४. पब्लिक हेल्थ नर्स/अधिकृत (एक) -स्वास्थ्य कार्यालय-सदस्य<br>५. इन्जिनियर (सिभिल) (एक)-बेनी नगरपालिका-सदस्य<br>६. बेनी नगरपालिकाबाट मनोनित विज्ञ (एक)-सदस्य<br>७. स्वास्थ्य शाखा प्रमूख-बेनी नगरपालिका-सदस्य सचिव<br>८. समितिले आवश्यक ठानेको विशेषज्ञ(२ जना)-सदस्य<br>नोटः समितिले अनुगमन गरिने संस्थाले प्रवाह गर्ने सेवाको प्रकृतिको आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ। | अनुसूची १<br>१.***प्रमुख प्रशासकीय अधिकृत-बेनी नगरपालिका -संयोजक***<br>२.***मे.सु/मेडिकल अधिकृत-बेनी अस्पताल/बेनी नगरपालिका -सदस्य***<br>३.***ल्याब टेक्नीसियन/अधिकृत (एक) -बेनी अस्पताल/बेनी नगरपालिका –सदस्य***<br>४.***रेडियोग्राफर/अधिकृत (एक) - बेनी अस्पताल/बेनी नगरपालिका –सदस्य***<br>५.***फर्मासिस्ट/अधिकृत (एक) - बेनी अस्पताल/बेनी नगरपालिका –सदस्य***<br>६.***इन्जिनियर (सिभिल) (एक)-बेनी नगरपालिका -सदस्य***<br>७.***बेनी नगरपालिकाबाट मनोनित कर्मचारी (एक) -सदस्य***<br>८.***स्वास्थ्य शाखा प्रमूख-बेनी नगरपालिका -सदस्य सचिव***<br>९.***समितिले आवश्यक ठानेको विशेषज्ञ(२ जना) -सदस्य***<br><br>***नोटः समितिले अनुगमन गरिने समयमा आवश्यकता अनुसार सम्बन्धित विभिन्न निकायबाट आमन्त्रणगरी समितिका सदस्यका रुपमा अनुगमन गर्न सक्नेछ।*** |

CamScanner